# महालेखापरीक्षकको

# वार्षिक लेखापरीक्षण प्रतिवेदन

# २०७७

## सायल गाउँपालिका

## डोटी ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम [illegible] लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४६३

मिति: २०७७/३/२४

श्री अध्यक्षज्यू,

सायल गाउँपालिका, डोटी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

२०७७/३/२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूर[illegible] लेखापरीक्षण महानिर्देशनालय**

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४७६ मिति: २०७७/३/२४

श्री अध्यक्षज्यू,
सायल गाउँपालिका, डोटी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

## कैफियत सहितको राय

हामीले सायल गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससगं सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससगं सम्बन्धित अन्य बिबरणले स्थानीयतहसगं सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको रायव्यक्तगर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ३९ लाख ५७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु. १७ लाख २६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८२ लाख ७ हजार नियमितगर्नुपर्ने रु. २३ लाख १८ हजार पेश्की बाँकी रु.१७ लाख ६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना ३७(सैंतिस) यसैसाथ संलग्न छ ।

४.	आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसगं हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।१२।२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# सायल गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न सायल गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिका कार्यालयको उद्देश्य रहेको छ । सुदूर पश्चिम प्रदेशमा अवस्थित यो गाउँपालिका अर्न्तगत ६ वडा,१२२.७२ वर्ग कि.मी. क्षेत्रफल र १९५५१ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि नं | आय | | सि नं | व्यय | |
|---|---|---|---|---|---|
| | शिर्षक | रकम | | शिर्षक | रकम |
| १ | **गत बर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | १६७९०३४८८।०० |
| | बैंक मौज्दात | ३२५७८९४७।२४ | २ | **पुजीगत खर्च** | १२१७९३६४०।०० |
| | बैंक मौज्दात-धरौटी) | ३२५०००।०० | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | |
| | | ३२९०३९४७।२४ | | क) ऋण भुक्तानी | |
| २ | **आन्तरिक श्रोत** | ० | | ख) ब्याज भुक्तानी | |
| | आन्तरिक आम्दानी | २४१३०७९।२७ | | ग) अन्य भुक्तानी | |
| | राजश्व बाँडफाँड संघ | ४९५२५०२०।९२ | ४ | **लगानी** | |
| | राजश्व बाँडफाँड प्रदेश | ९८१४२७।६१ | | ऋण लगानी | |
| | अन्य आय | ० | | शेयर लगानी | |
| ३ | **संघीय सरकारबाट प्राप्त अनुदान** | ० | ५ | **धरौटी फिर्ता** | ४००००।०० |
| | क) वित्तीय समानीकरण | ७१२००००००।०० | ६ | **कोष खर्च** | ११०७२२९।०० |
| | ख) शसर्त अनुदान | १०९०३३३०९।०० | ७ | **मौज्दात** | |
| | ग) विशेष अनुदान | ० | | क) नगद मौज्दात | |
| | घ) समपुरक अनुदान | ० | | ख) बैंक मौज्दात | |
| | | ० | | संचित कोष | १३१३६९२५।०४ |
| | ङ) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ४७९६४५०८।०० | | धरौटी | ३४१०००।०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | | विपद व्यवस्थापन कोष | ६९२७७१।०० |
| | क) वित्तीय समानीकरण | ६७०५०००।०० | | कर्मचारी कल्याण कोष | १३४९१४।०० |
| | ख) शसर्त अनुदान | ०।०० | ७ | **फ्रिज** | १४३०५६१०।०४ |
| | ग) विशेष अनुदान | ४२०००००।०० | | संघिय सरकारलाई फिर्ता | २०१६१६१५।०० |
| | घ) समपुरक अनुदान | १६६६०००।०० | | प्रदेश सरकारलाई फिर्ता | २०८७९४२।०० |
| | ङ) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ७९६०००।०० | | फिनल्याण्ड सरकारलाई फिर्ता | १५३,६७२।०० |
| ५ | **अन्तर स्थानिय तह वित्तिय हस्तान्तरण** | ० | | बहुक्षेत्रिय पोषण-यूनिसेफ) फिर्ता | २६०१०।०० |
| ६ | **वित्तिय व्यवस्था प्राप्ति** | ० | | | |
| ७ | **अन्य विभिन्न कोष तर्फको आय** | १३४९१४।०० | | | |
| ८ | **जनसहभागिता (नगद)** | ० | | | |
| ९ | **बिषयगत निकायबाट प्राप्त रकम** | ० | | | |
| १० | **धरौटी आय** | ५६०००।०० | | | |
| ११ | **अन्य विविध आम्दानी** | ० | | | |
| | **कुल आम्दानी** | ३२७५७९२०६।०४ | | **कुल जम्मा** | ३२७५७९२०६।०४ |

**कार्यालयको नामः सायल गाउँपालिका,डोटी ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ २५ गते बजेट गाउँ सभाबाट पारित भएको छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा सशर्त अनुदानबाट प्राप्त रकममध्ये खर्च गर्न बाँकी रहेको रु. २,२२७५५६७। फ्रिज भएको र रु. २,०१,८७,३२५।०० संघीय सञ्चित कोषमा र २०८७९४२। प्रदेश सञ्चित कोषमा २०७६।३।३१ मा दाखिला गरेको छ ।<br><br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६/८/१० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्: | |
| | **बित्तिय लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १. | **आर्थिक विवरण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खचंको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २. | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा गाउँपालिकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरेको भएतापनि गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रमको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनेतर्फ ध्यान दिनुपर्दछ । | |

**३.** **क्षेत्रगत बजेट र खर्चको स्थितिः** मिति २०७५/३/३१ मा गाउँसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः

| सि.नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,४०,४७,०००.०० | १२७०४६८६. | ४.३७ |
| २ | सामाजिक विकास | १४,७१,५५,३६०.०० | ११६७९०१२०. | ४०.१६ |
| ३ | पूर्वाधार विकास | ७,५५,१९,०००.०० | ६२१५३८९७. | २१.३७ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ५५,२५,०००.०० | ४१२४४९०. | १.४२ |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | २,४५,२४,०००.०० | २२९२०९३४. | ७.८८ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,३९,०२,०००.०० | ७२११०२३०. | २४.८० |
| | जम्मा | ३६,०६,७२,३६०.०० | २९०८०४३५७. | |

उपरोक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ४०.१६ प्रतिशत र घटीमा १.४२ प्रतिशत रहेको छ ।

**४.** **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** गाउँ सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छः

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | उर्जा | ६५,४५,०००.०० | ५६८४३६६. | ९.१५ |
| २ | भवन तथा सहरी विकास | ७४,००,०००.०० | ६८६७१३४. | ११.०५ |
| ३ | सिंचाई | १,६१,००,०००.०० | १५४०४०६२. | २४.७८ |

**कार्यालयको नामः सायल गाउँपालिका,डोटी ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४ | सडक तथा पुल (झोलुंगे पुल समेत) | ३,०६,०५,०००.०० | २०८४१०७०. | ३३.५३ |
| ५ | खानेपानी पूर्बाधार कार्यक्रम | ७२,००,०००.०० | ६८९५२०९. | ११.०९ |
| ६ | बिबिध | ७६,६९,०००.०० | ६४६२०५६. | १०.४० |
| | जम्मा | ७,५५,१९,०००.०० | ६२१५३८९७. | |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण तथा पुल र उर्जामा क्रमशः ३३.५३%, ९.१५%, बजेट खर्च गरेको छ । उक्त शीर्षकमा स्वीकृत लक्ष्य अनुसार प्रगति हुन सकेको छैन ।

**५.** **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३५ लाख ४४ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.२४१३०७९।२७ लाख हजार अर्थात अनुमान भन्दा ३१.९२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**६.** **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २२८१९७८१७ | २४१३०७९।२७ | १.०६ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०६ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**कार्यालयको नामः सायल गाउँपालिका,डोटी ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७. | **आयव्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी ब्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| ८. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च ब्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ९. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा  निर्धारण समिति गठनको ब्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी ब्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा ब्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १०. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ११. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>● गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>● गाउँपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>● गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,<br>● गाउँपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>● कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>● गाउँपालिका क्षेत्र भित्र भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>● विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तयार नगरि खरिद कारबाही संचालन गरेको । अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| १२. | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएकोमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वेरुजुको प्रभावकारी कारवाही गरेको छैन । ऐनमा भएको व्यबस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| १३. | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १४. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गाउँकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १५. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गाउँको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>कल्याण कोष :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा रु.१३४९१४।० लाख जम्मा गरेको तर कर्मचारीको पारिश्रमिकबाट निश्चत रकम कट्टा गाडी एकमुष्ठ गाउँपालिकाको तर्फबाट मात्र रकम जम्मा गरेको देखियो । तसर्थ कानूनको परीपालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>कर्मचारी व्यवस्था : कार्यालयले उपलब्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी ३१ रहेता पनि पदपूर्ति ४ मात्र रहेको देखियो । रा.प.द्बितिय अधिकृतसहित २७ पद रिक्त रहेका छन् । तिमध्ये ४ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>वडा सचिवको पदपूर्ति : गाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।<br><br><table><tr><td>वडा संख्या</td><td>वडा सचिवको दरवन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>६</td><td>६</td><td>०</td><td>६</td></tr></table><br>उपरोक्त विवरण अनुसार गाउँपालिकाका ६ वटा वडा सचिव मध्ये कुनै पनि पदपूर्ति भएको देखिएन । यसले गर्दा वडापालिकाको काम कारबाहीमा प्रभावित हुने तथा दैनिक प्रशासनिक कार्यमा बाधापर्ने हुनाले यस तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>१९.</td><td>चौमासिक खर्चः गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क्र. सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | नेपाल सरकार सशर्त अनुदान | ९५,०८२,६४२ | १९,२७७,८८१ | २९,४६७,४६४ | ४६,३३७,२९७ | ३२५९२९३० |
| २ | नेपाल सरकार समानीकरण अनुदान | ७१,२००,००० | १७,८००,००० | ३५,६००,००० | १७,८००,००० | १७,८००,००० |
| ३ | प्रदेश सरकार समानीकरण अनुदान | ५,५०९,७६५ | ० | ११५१५९९ | ४,३५८,१६६ | २१५५३२१ |
| ४ | प्रदेश सरकार बिशेष अनुदान | ३,७७८,०५८ | ० | ० | ३,७७८,०५८ | ३,७७८,०५८ |
| ५ | आन्तरिक श्रोत र राजश्व बाँडफाँड | ७२,७१०,३४२ | ५,७७१,६५७ | १२,८८७,४७९ | ५४,०५१,२०६ | १६६३५२१५ |
| ६ | गरीवसंग विश्वेश्वर | ३८६,००० | - | ११७,००० | २६९,००० | ७७,००० |
| ७ | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | ३४,७८५,००० | १०,७४१,८०० | - | २४,०४३,२०० | १३,६५६,८०० |
| ८ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम (केन्द्र) | २६५,१२० | - | १७७,५०० | ८७,६२० | - |
| ९ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९८०,५०८ | - | ३१०००० | ६७०५०८ | ६७०५०८ |
| १० | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४,००६,९३२ | - | - | ४,००६,९३२ | ४००६९३२ |
| ११ | बहुक्षेत्रीय पोषण कार्यक्रम शशर्त अनुदान, गा.पा, र प्रदेश | १,३०३,९९० | - | ४११७८० | ८९२,२१० | ४७४६१५ |
| १२ | प्रदेशबाट हस्तान्तरित कार्यक्रम | ७९६,००० | ० | ५१,००० | ७४५,००० | ७४५,००० |
| | जम्मा | २९०,८०४,३५७ | ५,३५,९१,३३८ | ८,०१,७३,८२२ | १५,७०,३९,१९७ | ९,२५,९२,३७९ |
| | प्रतिशत | १००.०० | १८.४३ | २७.५७ | ५४.०० | ३१.८४ |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.२९ करोड ८ लाख ४ हजार निकासा भएकोमा प्रथम

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | चौमासिकमा रु.५ करोड ३५ लाख ९१ हजार अर्थात १८.४३ प्रतिशत, दोश्रो चौमासिकमा रु.८ करोड १ लाख ७४ हजार, अर्थात २७.५७ प्रतिशत र तेश्रो चौमासिकमा रु.१५ करोड ७० लाख ३९ हजार, अर्थात ५४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड २५ लाख ९२ हजार अर्थात ३१.८४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| २०. | **प्रशासनिक खर्चः** कुल आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको सीमा निर्धारण गरी खर्च गर्नुपर्नेमा सो सीमा निर्धारण नगरेकोले कुल आय २४,१३,०७९।२७ विभिन्न चालु तथा पूँजीगत कार्यक्रममा खर्च गरेको पाईयो । खर्चको सीमा निर्धारण गर्नु पर्दछ । | |
| २१. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ८ वटा ऐन, ४ वटा नियमावली र १४ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरण तर्फ** | |
| १ | जन्मदर्ता | २१४० |
| २ | मृत्यू दर्ता | १३८ |
| ३ | बसाईसराई दर्ता | ७४ |
| ४ | बिबाहदर्ता | २९६ |
| | **अन्य सिफारिस** | |
| ६ | घरबाटो सिफारिस | ५९५ |
| ८ | नाता प्रमाणित | १०५ |
| ९ | अन्य सिफारिस | २२७८ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा को स्थिति सन्तोषजनक देखिएन । सेवा प्रवाह प्रभावकारी वनाउन गाउँपालिका संवेदनशिल हुनुपर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २२. | **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ । | |

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| ९ | ८ | १ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| | **कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २३. | **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका २६२ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको भएता पनि बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल गरेको देखिएन । | |

| कार्यक्रम/ योजना | यो वर्ष कुलकार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्यप्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| **मूलकार्यक्रम सङ्ख्या** | २६२ | १२ | ० | ६ | २४४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २४. | **योजनागत लक्ष्य प्रगति** : यस गाउँपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत २६२ योजना स्वीकृत गरेका योजनामा १२ योजनाहरु शुन्य प्रगति भएको, ६ वटा योजना ५० प्रतिशत प्रगति भएको र २४४ योजनाहरु ७५ प्रतिशत भन्दा माथि प्रगति भएको उल्लेख छ । शुन्य तथा कम प्रगतिका सम्बन्धमा गाउँपालिकाले स्पष्ट गरेको छैन । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २५. | **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने ब्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ब्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त ब्यवस्थाको पालना गरिनु पर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २६. | **सभाको निर्णय कार्यान्वयन-** मिति २०७५।३।३२ मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत २६२ वटा कार्यक्रमको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २७. | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यबस्था छ । कार्यालयले नगदी रसिद छपाई र खर्चको परिमाण देखिए तापनि गत वर्षको मौज्दात तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता अद्यावधिक नभएकाले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| २८. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएतापनि यस्तो कर संकलन गरेको छैन । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २९. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३०. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार व्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| ३१. | **राजश्व दाखिला** : प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला गाउँमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अर्न्तगत ६ वटा वडा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । | |
| | **खरिद व्यबस्थापनको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ३२. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२,१७,९३,६४०।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३३. | **सवारी साधन खरिद**–स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष, १ वटा एम्बुलेन्स र १ वटा मोटरसाईकल खरिद गरी निम्नानुसार रु. १२ लाख २४ हजार खर्च गरेको छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | <table><tr><td>सि.नं</td><td>सवारी साधन</td><td>संख्या</td><td>यस आ.व.मा खरिद भएका</td></tr><tr><td>१</td><td>मोटरसाईलक</td><td>१</td><td>२७१०००/-</td></tr><tr><td>२</td><td>एम्बुलेन्स</td><td>१</td><td>९५२५१४/-</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>१२२३५१४/-</td></tr></table> उपरोक्त बमोजिम गाउँपालिकाको आफ्नो आन्तरिक आय रु.२४,१३,०७९।२७ मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन । | |
| ३४. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३५. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनी व्यवस्थाको पालना भएको पाईएन । | |
| ३६. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभगग्रही | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३७. | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३८. | **योजना हस्तान्तरण**: निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३९. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्याबियन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ४०. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । <table><tr><td>रु.१ लाख सम्म</td><td>रु. १ देखि २ लाख सम्म</td><td>रु. २ देखि ५ लाख सम्मका</td><td>रु. ५ देखि १० लाख सम्मका</td><td>रु. १० लाख भन्दा बढिका</td><td>जम्मा</td></tr><tr><td>२९</td><td>३६</td><td>५७</td><td>१५</td><td>१२</td><td>१४९</td></tr></table> उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु २४ हजार देखि रु.५३ लाख ७६ हजार सम्मका १४९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ४१. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको छैन । | |
| ४२. | **उपभोक्ता समितिबाट निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउदा सम्पूर्ण निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर मेशिनको प्रयोग गर्न नहुने उल्लेख छ । नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको अंशसमेत कुलखर्चको विवरण सो निकायमा भुक्तानीको लागि पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष समानीकरण तथा सशर्त अनुदान (पूँजीगत) तर्फ सञ्चालित कार्यक्रमको विनियोजन भएको बजेट अनुसारको योजनागत सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा ई.नापी किताबमा निर्माण कार्यमा लोडर, एक्साभेटर लगायतका मेशिन प्रयोग गर्ने गरी स्वीकृत लागत अनुमान अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानीतर्फको सम्झौता अंकबाट कुल मूल्याङ्कन भएको कामको मूल्यमा ८० प्रतिशत यकिन गरी सम्झौता भएअनुसारको पुरै रकम भुक्तानी दिई बिलको मुल्याङ्कनमा बाँकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको श्रमदानको अंश भनि उल्लेख गरेको देखियो ।<br><br>यसरी मूल्याङ्कन गर्दा अधिकाशं योजनामा कुल काम कम देखिँदा उपभोक्ताको अंश न्यून देखिने अवस्था भएकाले स्वीकृत लागत अनुमानभन्दा वास्तविक कामको मूल्याङ्कन बिल अधिक देखाई कार्यालयबाट भुक्तानी हुने अंश पुरै भुक्तानी दिने र उपभोक्ताको अंश कम देखिने समस्यालाई टेवापुग्ने गरी लागत अनुमानभन्दा बढी कामको बिल बनाई पेश गर्ने गरेको अवस्था देखियो । उपभोक्ता समितिलाई भेरिएशन स्वीकृत गर्न नमिल्ने नियमावलीको व्यवस्था विपरीत प्राविधिकहरुले लागत अनुमानभन्दा बढीको उपभोक्ता समितिको कामको विल तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेकाले यस्तो प्रबृतिमा नियन्त्रण हुनु पर्दछ । | |
| | **समानिकरण पूँजीगत** | |
| ४३. | **अनुपातिक कट्टीः** ३५५।०७६।३।२० सिमल खेत सिचाई योजना निर्माण उपभोक्ता समितिलाई सम्झौता अनुसार कार्यालयको अशं रु.३८५४८१। भुक्तानी दिएको छ । उपभोक्ता समितिले पेश गरेको ठेक्का विलमा Supplying fitting and laying pipe line with butt joint (75 m dia /m 10kg/m ) 500Rm×617.878=308939 भुक्तानी लिएको छ । उपभोक्ता समितिले जे.वि.ट्रेडर्स दिपायलबाट HDEP पाइप ६३ एम.एम.को ५०० मीटर दरले रु.२५९.९० र प्रति मीटर भाडा समेतरु.४० समेत रु.२९९.९९ र फिटिङ्ग सँग ५ प्रतिशत ले हुने रकम समेत | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रति मीटरमा रु.३१४.८९ हुनुपर्ने देखिन्छ । विलमा प्रति मीटर रु.६१७.८७८ ले हिसाव गर्दा रु.३०२.९८ बढी रकम भुक्तानी हुँदा ५०० मीटरको रु.१५१४९१।५० बढी भुक्तानी भएकोले उपभोक्ताको अनुपातिक कट्टी सम्बन्धित उपभोक्ता समितिसँग असुल गर्नु पर्ने रु. | १५१४९१/५० |
| ४४. | **बढी भुक्तानीः** ३२७।०७६।३।१९ पतलगडा मल्ली ओल सिचाई योजना उपभोक्ता समितिलाई योजना सम्पन्न गरे वापत सम्झौता अनुसार कार्यालयको अशं रु.९६००००। भुक्तानी दिएको छ । संलग्न फाटवारीमा उपभोक्ताले पेश गरेको दरविश्लेषण ठेक्का विल र खरिद विल परीक्षण गर्दा सिचाईको लागि विजय हार्डवेयर एण्ड सप्लायर्स बझाङ्गबाट ६६ एम.एम.को एच.डि.इ.पि.पाईप मू.अ.कर सहित रु.२३५। मा खरिद गरेको छ । पाइपको लेइङ्ग एण्ड फिटिङ्ग ५ प्रतिशतले समेत रु.२४६।७५८ गा.पा.दररेट अनुसार प्रति मीटर रु.२०। ढुवानी समेत रु.२६६.७५ले प्रति मीटर हुन आउछ । उपभोक्ताले भुक्तानी दिदा प्रतिमीटर रु.६६.२० बढी दरले भुक्तानी हुँदा २६०० मीटरको रु.१७२१२०। बढी भुक्तानी भएकोले उपभोक्ताको अनुपातिक कट्टी गरी बढी भुक्तानी सम्बन्धित उपभोक्ता समितिसँग असुल गर्नु पर्ने रु. | १७२१२०/- |
| ४५. | **सहकारी मार्फत कार्यः** सहकारी ऐन,२०४८ अनुसार दर्ता भएका बचत तथा ऋण सहकारी संस्थाहरु नाफा कमाउने उद्देश्यले विभिन्न व्यक्तिहरुको समुहले खोलिएका हुन्छन । यस्ता संस्थाहरुलाई संस्था समृद्धिकरणको नाममा भवन निर्माण, घेरवार लगायतको पूँजीगत सुधारको लागि गाँउपालिकाले रकम उपलव्ध गराएको देखियो । यस्ता सहकारी संस्था व्यक्तिको जग्गामा निर्माण भएको समेत देखिएको छ तसर्थ एउटा समूह विशेषलाई रकम उपलव्ध गराउनु नियम सम्मत देखिएन । गाउँपालिकाले मुक्ति बचत महिला समूहलाई भवन निर्माण गर्न रकम रु.२८८०००। उपलव्ध गराएको देखियो । उक्त  रकम नियम सम्मत नदेखिएको रु. | २८८०००/- |
| ४६. | **कुखुरा खोर निर्माणः** ३४६।०७६।३।२० गाउँपालिकाले पुँजीगत सुधार अन्तरगत निर्माण कार्य गराउदा त्यसको समूहगत लाभ हुने खालको हुनु आवश्यक छ । ८ मीटर लम्बाई ४ मीटर चौडाइको कुखुरा पाल्ने टहरा निर्माण गरेवापत कुखुरा खोर निर्माण उपभोक्ता समितिलाई रु.२,८३,२४९। उपलव्ध गराएको छ । कुखुरा खोर निर्माण पश्चात त्यसको सञ्चालन भए नभएको त्यसको स्वामित्व कसले लिएको सोको प्रमाण फाँटवारीमा देखिदैन तसर्थ उक्त खर्चको उपादेयताको प्रमाण पेश गर्नुपर्ने रु. | २८३२४९/- |
| ४७. | **बढी भुक्तानीः** ३३०।०७६।३।३१ डुमारी घोगातल असुद्धाला पर्यटकिय सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण गरेवापत कार्यालयको अशं रु.८७८०००। भुक्तानी गरेको छ । उपभोक्ताले पेश गरेको खरिद विल | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | परीक्षण गर्दा कडा माटो ३३०० सामान्य चट्टान २५६ र कडा चट्टान १२३६ घनमीटर कट्टीङ्ग गरेवापत वडेला कन्स्ट्रक्सनको एस्साभेटर प्रयोग गरेवापत रु.३४६५००। भुक्तानी भएको छ । उक्त कन्स्ट्रक्सनले ७७ घण्टा एक्साभेटर प्रयोग गरेको लगबुक संलग्न गरेको छ भने इन्धन खपत अधिकतम औषत प्रतिघण्टा २६ लिटर देखिएको छ । इन्धनको खपत ७७ घण्टाको प्रति घण्टा २६ लिटरले २००२ लिटर हुन आउछ । उपभोक्ताले पेश गरेको जे.वि.आयल स्टोरको विल मध्ये प्रति लिटर रु.९६.९९ ले रु.१९४१७३.९८ मात्र हुन आउने देखिएको तर उपभोक्ताले ४६४० लिटर डिजेल को प्रति लिटर रु.९६.९९ को दरले ४५००७६.२८ को विल राखी खर्च प्रमाणित गरी रकम भुक्तानी लिदा वास्तविक प्रयोग भन्दा रु.२५५८५३.६२ बढी भुक्तानी लिएको देखिदा उपभोक्ताको अशं अनुपातिक कट्टी गरी बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु. | २५५८५९.६२ |
| ४८. | ४२६।०७६।३।३१ बड्डा सप्लायर्सबाट विभिन्न साईजका एच.डि.पि.पाईप रु.४९०९५०। मा खरिद गरिएको छ । उक्त पाईपको दाखिला प्रतिवेदन संलग्न फाँटवारीमा देखिएन । साथै उक्त पाईपको दाखिला,प्रयोग एवं नापी समेत को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ४९०९५०/- |
| ४९. | ४१८।०७६।३।२४ रतौजा देखि खडगडा दुदिलामाण्डौ सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण गरेवापत कार्यालयले उपभोक्ताको अशं कटाई रु.३८४०००। भुक्तानी दिएको देखियो । संलग्न फाँटवारीमा मेशिनबाट सामान्य माटो ,सामान्य चट्टान कटिङ्ग गरेवापत मेशिनबाट काम गराएको दररेट राखी रकम भुक्तानी लिएकोमा मेशिनबाट काम गराएको विल विजक पेश नभएको रु. | ३८४०००/- |
| ५०. | ३२०।०७६।३।१९ एक्वार माण्ड मन्दिर घेरवार निर्माण उपभोक्ता समितिलाई मन्दिरको घेरावार गरेवापत उपभोक्ताको योगदान अशं कटाई रु.२८७३२८। भुक्तानी दिएको छ । संलग्न फाँटवारीमा २५० मीटर काँडेतार लगाएको देखियो । दर विश्लेषण अनुसार १७३५ मिटर मात्र काडँतार लाग्नु पर्नेमा ठेक्का विलमा २७५४.९५ रनिङ्ग मीटरको परीमाण राखी विल तयार गर्दा १०१९.९५ रनिङ्ग मिटर बढी परीमाणको प्रति मिटर रु.५८.८१ को दरले हुने रु.५९९८३.५३ उपभोक्तालाई बढी भुक्तानी भएको हुदाँ उपभोक्ताको योगदानको अनुपातिक कट्टी गरी बढी भुक्तानी रकम असुल उपर गर्नुपर्ने रु. | ५९९८३.५३ |
| | **ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना** | |
| ५१. | ४४।०७६।३।३१ ठुलो कुलो सिचाई योजना निर्माण उपभोक्ता समितिलाई खानेपानी योजनाको काम सम्पन्न | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेवापत रु.१००००००। उपलब्ध गराएको छ । उपभोक्ताले पेश गरेको फाँटवारीमा काम भएको नापी सहितको विल एवं कार्यसम्पन्न प्रतिवेदन नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु. | १००००००/ |
| ५२. | निम्न भौ.न.र मितिबाट उपभोक्ता समितिलाई खानेपानी योजना सम्पन्न गरेवापत सम्झौता अनुसार ७५ प्रतिशत मात्र रकम भुक्तानी दिनुपर्नेमा बढी रकम भुक्तानी दिएको देखिदा बढी भुक्तानी रकम सम्बन्धित उपभोक्ताले सम्झौता अनुसार कार्य सम्पन्न गरे पछि अन्तिम किस्ता भुक्तानी दिदाँ हिसाव मिलान हुनुपर्ने रु. | १०२२८५५.५५ |

| गो.भौ.नं./मिति | उपभोक्ताको समितिको नाम | दिनुपर्ने भुक्तानी | भुक्तानी दिएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| ४२/०७६/३/३१ | पानी मुल खानेपानी तथा सरसफाई उ.स. | १४४५९२१.२२ | १८५२९६७ | ४०७०४५.७८ |
| ४१/०७६/३/३१ | गेरे खानेपानी तथा सरसफाई नि.उ.स. | ८९२७९६.२५ | ११५४९७० | २६२१७३.७५ |
| ४०/०७६/३/३१ | साउखो खानेपानी तथा सरसफाई नि.उ.स. | ११६१३६३.९७ | १५१५००० | ३५३६३६.०२ |
| | जम्मा | | | १०२२८५५.५५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५३. | ३०४।०७६।३।१८ उपभोक्तालाई सम्झौता अनुसार रकम भुक्तानी गर्दा दर विश्लेषणमा तय भएको दरमा भुक्तानी दिनुपर्दछ । खाती वडा चिरकट्टे मेलखानी सडक निर्माण उपभोक्ता समितिलाई रकम भुक्तानी दिँदा दर विश्लेषणमा ड्राइस्टोनवाल प्रति घनमीटर रु.७००१। हुनुपर्ने मा ठेक्का विलमा रु.१०४६७.९३ राखी रकम भुक्तानी हुदाँ प्रति घनमीटर रु.३४६६।९३ को बढी दरले भुक्तानी हुदाँ १०.८० घनमीटरको रु.३७४४२।८४ उपभोक्ता समितिलाई भुक्तानी भएको हुँदा बढी भुक्तानी रु.३७४४२।८४ सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्नु पर्ने रु. | ३७४४२.८४ |
| ५४. | उपभोक्तालाई ग्यावियन बक्सको काम गरेवापत रकम भुक्तानी गर्दा उपभोक्ताले खरिद गरेको परिमाण र निर्माण स्थलमा प्रयोग भएको परिमाण बीच एकरुपता हुनु पर्दछ । केही ग्यावियन बक्स प्रयोग सम्बन्धि काम गरेका उपभोक्ताले पेश गरेको फाँटवारी परीक्षण गर्दा उपभोक्ताले खरिद गरेको परिमाण भन्दा बढी परिमाणमा नापीमा राखी रकम भुक्तानी लिएको देखिएकोले बढी भुक्तानी भएको रकम देहाय अनुसारका उपभोक्ता | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समितिबाट बढी भुक्तानी रकम असुल उपर हुनु पर्ने रु | २६२३९६/८६ |

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | खरिद भएको ग्यावियन वक्स | प्रयोग देखिएको ग्यावियन | बढी संख्या | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २७४/०७६/३/१६ | खार तटवन्ध उ.स. | ३० गोटा ३×१×१ | ३९ गोटा | ९ गोटा | ४२०१.७५ | ३७८१५.७५ |
| ३४४/०७६/३/२० | रोकाया तारा सडक नि.उ.स. | ७ गोटा १.५×१×१ | १० गोटा | ३ गोटा | ४२०६.७० | १२७२०.१० |
| | | फिट्टिङ्ग १०.५ घ.मी.हुनुपर्ने | २० गोटा | ९.५ गोटा | २६६७.३० | २५३३९.३५ |
| ३४३/०७६/३/२० | पसेला तटवन्ध नि.उ.स | १० गोटा २×१×१ | १२ गोटा | २ गोटा | ३३२२.३८ | ६६४४.७६ |
| | | फिट्टिङ्ग २० घ.मी. | २२ गोटा | २ गोटा | २६६३.९५ | ५३२६.९० |
| ३/०७६/३/१६ | वावनसैन तटवन्ध नि.उ.स. | ८४ गोटा २×१×१ | ७७ | ७ | २६५० | १८५५० |
| | | ० (१.५×१×१) घ.मी. | ० | २४ | १८०० | ४३२०० |
| | | फिटिङ्ग २२२ घ.मी | १७५ | ४७ | २४०० | ११२८०० |
| जम्मा | | | | | | २६२३९०.८६ |

**५५.** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ३(ख) मा निर्माण कामको गुणस्तर नियन्त्रण सम्बन्धि व्यवस्था छ । उपभोक्ताबाट काम गराउदा सिभिल वर्क्सतर्फ गिट्टी वालुवा,सिमेन्ट जस्ता सामाग्रि गुणस्तर युक्त हुनुपर्ने र दर विश्लेषणमा तोकिए अनुसारको अनुपातको कम्पोजिसन मिल्नु पर्दछ । उदाहरणको लागि १:२:४ अनुपातको आर.सि.सि.काममा प्रति घनमीटर ६.४ व्याग अर्थात ३२० केजी सिमेन्ट प्रयोग हुनु पर्दछ । तोकिएको अनुपातमा सिमेन्ट प्रयोग नहुदाँ निर्माण कार्यको गुणस्तर नहुने निर्माण कामको आयु तोकिए अनुरुप हुन सक्ने देखिदैन । गुणस्तर कायम राख्न कार्यालयबाट उप नियम ८ अनुसार उचित प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने उल्लेख छ । सिभिल वर्क्स सम्बन्धि उपभोक्ताबाट भएका आर.सि.सि.,स्टोन मेशिनरी वक्स, प्लान्टर जस्ता सिमेन्ट प्रयोग भएका काम सँग भएका सम्बन्धित केही फाँटवारी परीक्षण गरियो । फाँटवारी परीक्षण गर्दा उपभोक्ताले पेश गरेको ठेक्का विलमा काम गरेको परिमाण र सिमेन्ट खरिद तथा खपत परिमाण बीच नर्म्स अनुसार तुलना गर्दा सिमेन्ट न्युन प्रयोग गरी काम न्युन गुणस्तर गरेको वा कामको परिमाण नै कम भएको हुन सक्ने देखियो । यसबाट एकिन साथ भन्न सक्ने अवस्था रहेन । तसर्थ न्युन गुणस्तर काम भएको वा न्युन परिमाण काम भएपनि बढी परिमाण नाप गरी विल प्रमाणित तथा कार्य

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्पन्न तयार गर्ने सम्बन्धित प्राविधिक कर्मचारीलाई जिम्मेवारी वनाई तहाँबाटै छानविन गरी आवस्यक कारबाही सहितको प्रमाण पेश हुनुपर्ने रु. | ९००९५७.५० |

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | कामको परिमाण | हुनुपर्ने परिमाण | बढी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २५९/०७६/३/१६ | नामेश्वरी आवि घेरवार नि.उ.स. | RRM(1:6) | ४२.९८ | ३१.८७ | ११.११ | १३२९९.८६ | १४७७६१.४४ |
| | | PCC(1:3:6) | ३.७२ | ० | ३.७२ | १३७१७.४२ | ५१३१६.०४ |
| ३५२/०७६/३/२० | भवानी मन्दिर मेशिनरी वाल नि.उ.स. | मेसिनरी वाल (१:४) | ६७.५ | २५.१५ | ४२.३५ | ६१०६.८० | २५८६२२.९८ |
| ३३९/०७६/३/२० | मेली गाँउ सिचाई कुलो नि.उ.स. | मेसिनरी वाल (१:४) | ६५.७८ | २५.१५ | ४०.६२ | १०९०९.९० | ४४३२५७.०४ |
| जम्मा | | | | | | | ९००९५७.५ |

५६. **भेरियसन वेगर काम गरेको** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा सम्झौता गर्दाको वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति र सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएसन गर्नुपर्ने भएमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ को प्रकृया पुरा गर्नुपर्ने उल्लेख छ । साथै देहाय अनुसारको उपभोक्ता सँग सम्झौता गर्दाको वखतको भन्दा उपनियम २(ख) अनुसार कार्य प्रकृया अनुसार परिमाण थप घट गरेको र नयाँ आइटम थपगरी काम गरेको अवस्थामा भेरिएसन गाउँई आईटमको परिमाण थपघट एवं नयाँ आइटम थप गरी काम गराएको देखियो । नियम ९७ मा उपभोक्ताबाट काम गराउदा भेरिएसन गर्न सकिने उल्लेख समेत गरेको देखिदैन । यसबाट नियममा भएको व्यवस्था कार्यालयबाट परिपालना नभएको हुँदा यस तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | कामको विवरण | सम्झौता हुदाँकृ कामको परिमाण | कार्य सम्पन्न हुदाँको परिमाण | थप/घट |
|---|---|---|---|---|---|
| २०६४/०७६/३/१३ | मेल्लेख दल्लेक सडक नि.उ.स. | सडक निर्माण मानिसबाट गर्ने कडा चट्टान | १५९२.८० | ११२५.६२५ | -४६७.१८ |
| | | सडक निर्माण मानिसबाट गर्ने मध्यम चट्टान | ३६०९.६० | ५१९.०६ | -३०९०.५४ |
| | | सडक निर्माण मानिसबाट गर्ने | ६५४.१ | ११२५.०० | ४८३९० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामान्य चट्टान | | | |
| | | मेसिनबाट गर्ने सामान्य चट्टान | ० | ८१९.२७५ | ८१९.२७५ |
| | | मेसिनबाट गर्ने कडा चट्टान | ० | १६४१.३७ | १६४१.३७ |
| | | ड्रेनखन्ने | ० | ४५.२ | ४५.२० |
| | | ग्राभेल खन्ने | | ७७०.०० | ७७०.०० |

| | | |
|---|---|---|
| ५७. | २१२।०७६।२।८,४१५।०७६।३।२४ एकपटक उपभोक्ता सँग लागत अनुमान तयार भै सकेपछि पुनः वजेट थप घट भए पुनः लागत अनुमान तयारी गरी सम्बन्धित तह /निकायबाट स्वीकृत गर्नुपर्दछ । भवानी मावि निर्माण गर्न शुरुमा रु.२७९३१५८।९५ को लागत अनुमान तयारी गरी भवानी मावि प्राविधिक भवन निर्माण उपभोक्ता समितिसँग सम्झौता भएकोमा पुनः बजेट थप भएको कारण जनाई रु.६२१६०००। को लागतमा सम्पन्न हुने गरी काम गराएको देखियो । पुनः तयार भएको लागत अनुमान स्वीकृत वेगर नै रु.४२९८१५४।८४ को कार्य गरेवापत उपभोक्तालाई रु.३७१६५६७। भुक्तानी दिएकोमा पुनः लागत अनुमानको स्वीकृती पुनः उपभोक्तासँगको सम्झौताको प्रमाण पेश नभएको साथै कार्यसम्पन्न प्रतिवेदन समेत पेश नभएको रु. | ३७१६५६७/- |
| ५८. | **पेश्की बाँकी:** आर्थीक कार्यविधि २०७४ को नियम ७४ (३० मा पेश्की दिइएको रक म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिन एवं दिने दुबैले कर्तव्य हुने कुरा उल्लेख छ । देहाय अनुसारका विद्यालयलाई भवन निर्माणको लागि दिएको पेश्की लेखापरीक्षण अवधि सम्म पनि असुल फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार समयमै असुल फछ्र्यौट हुनुपर्ने रु. | १७०६२२३/ |

| भौ.नं./मिति | पेश्की लिने व्यक्ति तथा संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| ०७६/३/१८ | **भवानी आ वि** | **शौचालय निर्माण खानेपनी** | १०६२२३ |
| ०७६/३/१८ | **भवानी आ.वि.सायल ४ भल्मा** | **भवन निर्माण** | ८००००० |
| २०७६/३/१३ | **खप्तड आ.वि.सायल ३ बेटारा** | **भवन निर्माण** | ८००००० |
| **जम्मा** | | | १७०६२२३/- |

| | | |
|---|---|---|
| ५९. | **अग्रिम करः** आय कर ऐन,२०५८ को दफा ८८ मा सेवा भुक्तानीमा १५ प्रतिशतको दरले श्रोतमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एफ एम रेडियोहरु मू.अ.करमा दर्ता समेत भएको प्रमाण पेश नभएको र देहाय अनुसारका एफ एम रेडियोले सन्देशमूलक सूचना प्रशारण गरेकोमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा कर कट्टी छुट भएको देखिएकोले छुट कर सम्बन्धित फर्मबाट असुल उपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | ५७२८६/७ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| भौ न मिति | कामको विवरण | भुक्तानि पाउने व्यक्ति वा संस्था | भुक्तानि पाएको रकम | कटी हुनुपर्ने | कटी भएको | कटी हुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १५७/०७५/११/२८ | सूचना प्रकासन प्रसारण | सुदुर दर्पण साप्ताहिक | २५५००/ | ३८२५/ | ३८२ | ३४४२ |
| ५९/०७५/९/४ | सूचना प्रकासन प्रसारण | रेडियो सुदुर आवाज | १००००/ | १५००/ | १५०/ | १३५०/ |
| २५९/३१८/०७६/३/१९ | सूचना प्रकासन प्रसारण | रेडियो अमरगढी | २८५८१८/ | ४२८७२/ | ४२८७ | ३८५८५/७ |
| २७७/०७६/३/६ | सूचना प्रकासन प्रसारण | अग्नी पोष्ट दैनिक | ३२०१२/ | ४८०१ | ४८० | ४१८८/ |
| २७७/०७६/३/६ | सूचना प्रकासन प्रसारण | नजर साप्ताहिक | ३१०२५/ | ४६५३/७ | ४६५ | ४३२१/ |
| १९९।०७५।१२।१२ | एम्वुलेन्स र मोटरसाइकलखरिद गर्न परामश | इष्टवेष्ट कन्सल्टेन्सी सर्भिस कैलाली | ४००००/ | ६०००/ | ६००/ | ५४००/ |
| | | | | | जम्मा | ५७२८६/७ |

६०. **करकट्टी बिना भुक्तानी** : आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । ग्रामिण जलस्रोत परियोजना अन्तर्गत, जल उपयोग तथा जिविकोपार्जन गुरुयोजना निर्माणका लागि निम्न भौचर नं र मितिबाट रु १४,४९,८००.०० कार्यालयले एकीकृत सामाजिक विकास समूह, डोटी (प्यान नं ३०१८५०६८३) लाई उक्त संस्थाको बिल बेगर भुक्तानी गरेकोमा अग्रिम करकट्टी गरेको छैन । तसर्थ ऐन बमोजिम १५ प्रतिशतका दरले रु २,१७,४७०.०० अग्रिम करकट्टी गरी दाखिला गर्नुपर्ने रु     २१७४७०/-

| भौ.नं,मिती | भुक्तानी रकम | छुटकर |
|---|---|---|
| २२/२०७५/८/७ | ७८५०१७.०० | ११७७५२.५५ |
| ८०/२०७५/१२/२६ | ४५७०००.०० | ६८५५०.०० |
| १३१/२०७६/३/२० | २०७७८३.०० | ३११६७.४५ |
| जम्मा | १४४९८००.०० | २१७४७०.०० |

६१. ८२/२०७५/१२/२७, कार्यालयले ग्रामिण जलस्रोत परियोजना अन्तर्गत खानेपानी, सरसफाई तथा जिविकोपार्जन सम्बन्धि योजना संचालनार्थ सहयोगी संस्था परिचालनका लागि सामुदायिक विकास मञ्च (प्यान नं ३०१५०८०५६) नेपालसँग मिती २०७५।११।१५ मा सम्झौता गरी  पेश्की फछ्र्यौट समेत रु १३२५१४८.०० सो

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संस्थालाई बिल बेगर भुक्तानी गरेको गरी अग्रिम करकट्टी गरेको छैन । आयकर ऐन, २०५८ को दफा ८८ अनुसार १५ प्रतिशतका दरले रु १,९८,७७२.२ करकट्टी गर्नुपर्नेमा करकट्टी गाउँकोले, कर छुट भएको रकम उक्त संस्थाबाट असुलउपर गर्नुपर्ने साथै कार्यक्रम संचालनको प्रतिवेदसमेत हुनुपर्ने रु | १९८७७२.२ |
| ६२. | आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । भुमिहिन र मुक्त हलियाहरुको तथ्याङ्क संकलन तथा सशक्तिकरणको लागि उपेक्षित समुदाय सशक्तिकरण तथा विकास मञ्च डोटी सँग रु.५०००००। मा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी उक्त संस्थाले रु.४५५९२०। को कार्य गरेका विल भरपाई पेश गरेकोमा परामर्श सेवा प्रदायक संस्थाहरुलाई भुक्तानी प्रक्रियामा ऐन अनुसार १५ प्रतिशत रु.६८३८८। करकट्टी गरी भुक्तानी गर्नुपर्नेमा रु.७८०१। मात्र कट्टा गरेकोले नपुग कर रु.६०५८७। असुल गरी दाखिला गर्नुपर्ने रु. | ६०५८७/- |
| | **दैनिक भ्रमण भत्ता तथा पदाधिकारी सुबिधा सम्बन्धी खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ६३. | भ्रमण खर्च लेख्दा एउटै व्यक्तिलाई एकै समयमा दोहोरो खर्च भुक्तानी गर्न नहुनेमा निम्नानुसार व्यक्ति तथा पदाधिकारीहरुले एक पटक भुक्तानी भै सकेकोमा पुन सोही अवधिको भ्रमण आदेश स्वीकृत गरी दोहोरो भत्ता खर्च लेखेकोमा निजहरुबाट उक्त रकम असुल गर्नुपर्ने रु. | ५५०५०/- |

| सि.नं. | पदाधिकारीको नाम,पद | भ्रमण अवधि | पुन अवधि | रकम |
|---|---|---|---|---|
| १. | गा.पा.अध्यक्ष तेज बहादुर डुम्रेल | ०७६/१/१४-०७६/१/१८ | ०७६/१/११-०७६/१/१६ | ३२०० |
| | | १२/८-१२/११ | १२/११ | १६०० |
| २. | उपाध्यक्ष विष्ण देवी सिंह | १२/९-१२/१५ | १२/१३-१२/१८ | ४५०० |
| | | | १२/११ | १५०० |
| ३. | वडा अध्यक्ष हिरा थापा | १२/७-१२/१२ | १२/३-१२/८ | २८०० |
| | | १२/२३-१२/२९ | १२/२२-१२/२७ | ५६०० |
| ४. | वडा अध्यक्ष टिका सिंह | १/१३-१/२१ | १/१३ | १४०० |
| | | २/२०-२/२६ | २/१९-२/२५ | ९८५० |
| ५. | वडा अध्यक्ष गणेश ब.बोगटी | १२/१७-१२/२३ | १२/२३-१२/२९ | १४०० |
| ६. | वडा अध्यक्ष धन ब.साउद | ३/१३-३/१९ | ३/१३ | १४०० |
| ७. | वडा सदस्य मान ब.विष्ट | २/१९-२/२५ | २/२३-२/२९ | ७००० |
| ८. | जि.स.सदस्य सग्राम दमाई | ३/२-३/१८ | ३/१२-३/१५ | ५२०० |
| | | | ३/१८-३/२० | १२०० |
| ९. | हे.अ.सन्तोष कु.गुप्ता | १२/११-१२/१३ | १२/१२-१२/१४ | २४०० |
| १०. | अ.हे.व.शिवराज जोसी | ३/१९-३/२५ | ३/१६-३/२३ | ६००० |
| | जम्मा | | | ५५०५०/- |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६४.</td><td><u>दैनिक भ्रमण भत्ता</u> :कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीलेभ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नूपर्दछ । यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पदाधिकारीले दैनिक भ्रमण भत्ता वापत रु.१३,४५,१०५। खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश गाउँको र भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन । भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको दुरुपयोग हुने जोखिम देखियो । यसर्थ गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यहरुले अनुगमनका नाममा रु.१३,४५,१०५। दैनिक भ्रमण खर्च लिएको देखियो । यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>पद</th><th>पदाधिकारीको नाम</th><th>रकम</th></tr>
<tr><td>अध्यक्ष</td><td>तेजबहादुर डुम्रेल</td><td>२९५७००</td></tr>
<tr><td>उपाध्यक्ष</td><td>विस्ना देवी सिंह</td><td>२०७५२५</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>हिरा थापा</td><td>६२८००</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>भिम बहादुर बोहरा</td><td>६९०२५</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>गोरख बहादुर सार्की</td><td>११८२०५</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>टिका सिंह</td><td>१९३९००</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>गणेश बहादुर बोगटी</td><td>१५१७५०</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>धन बहादुर साउँद</td><td>७७६००</td></tr>
<tr><td>कार्यपालिका सदस्य</td><td>हर्क बहादुर लुहार</td><td>५३१००</td></tr>
<tr><td>वडा सदस्य</td><td>विर ब रोकाया</td><td>७७००</td></tr>
<tr><td>वडा सदस्य</td><td>मान बहादुर ओली</td><td>७५००</td></tr>
<tr><td>वडा सदस्य</td><td>मान बहादुर बिष्ट</td><td>१७०००</td></tr>
<tr><td>वडा सदस्य</td><td>खडक बहादुर खड्का</td><td>१६५००</td></tr>
<tr><td>जि स स सदस्य</td><td>सग्राम दमाइ</td><td>३३८००</td></tr>
<tr><td>जि स स सदस्य</td><td>डम्मर ओली</td><td>८८००</td></tr>
<tr><td>जि स स सदस्य</td><td>लक्ष्मी मल्ल</td><td>८८००</td></tr>
<tr><td>जि स स सदस्य</td><td>धनश्याम जोशी</td><td>८८००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३३८५०५/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५.</td><td>भ्रमण खर्च नियमावली,२०६४ को नियम ७ (५) अनुसार फिल्ड भत्ता पाउने कर्मचारीले आफू कार्यरत क्षेत्रभित्र भ्रमणमा रहँदा यस नियमावली बमोजिम दैनिक भत्ता नपाउने उल्लेख छ । गाउँपालिकाको</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सहकार्यमा रहेको RVWRMP का जलस्रोत अधिकृत गणेश प्रसाद उपाध्यायलाई आयोजनाको करार सम्झौता अनुसार मासिक फिल्ड भत्ता उपभोग गर्ने गरेकोमा मिति २०७५।१२।११,०७६।१।१३,०७६।२।२९,०७६।३।१३,०७६।३।१९ मा योजना अनुगमन गर्न भनि रु.८०००। भ्रमण खर्च लेगेको देखियो । यसरी फिल्ड भत्ता उपभोग गरी सके पनि भ्रमण खर्च लिएकोले दोहोरो खर्च निजबाट असुल गर्नु पर्ने रु. | ८०००/- |
| ६६. | **भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<br>● अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>● नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>● स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अत: स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ६७. | **वडा कार्यालयबाट भएको खर्च :** गाउँपालिकाले वडा कार्यालयलाई जम्मा रु.५३,२८,९८७० भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु गाउँ कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६८. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु.३७५६०००। सुविधा वापत भुक्तानी भएको छ ।<br><table><tr><td>सि. नं</td><td>विवरण</td><td>अध्यक्ष</td><td>उपाध्यक्ष</td><td>वडा अध्यक्ष. ६ जना</td><td>कार्यपालिका सदस्य ६ जना</td><td>सभाका सदस्य १८ जना</td><td>जम्मा</td></tr><tr><td>१.</td><td>मासिक सुविधा</td><td>३६०,०००</td><td>३,००,०००</td><td>१४,४०,०००</td><td>५,७६,०००</td><td>१०,८०,०००</td><td>३७,५६,०००</td></tr></table> | |
| ६९. | **पदाधिकारी अन्य सुविधाः** सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक बर्ष भरी बैठक भत्ता रु. १७,३०,५००/- सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु. | १७३०५००/- |
| ७०. | **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को  दफा १०२ बमोजिम गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलव्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी गाउँ कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.५०००। देखि रु.४०००००। सम्म जम्मा रु.८२००००। आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ । | |
| | **बिषयगत कार्यक्रमको लेखापरीषणबाट देखिएका व्यहोरा** | |
| | **कृषि तथा पशु तर्फ** | |
| ७१. | **ग्रेड वढी भुक्तानिः** ना.सु. लाल वहादुर वोगटीको श्रावण, भदौ, असोज र चाडवाडखर्च लेख्दा वढी भुक्तानी भएको असुल हुनुपर्ने देखिएको रु | ३१३२/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७२. | २३४।०७५।१।६ कृषकलाई अनुदान उपलव्ध गराउदा कृषकको योगदान समेत एकिन गरि कार्यक्रममा तोकिएको रकम उपलव्ध गराउनु पर्दछ। नाप्रास दिर्घ वहादुर खत्रीले वाखाको खोर सुधार वापत अनुदान उपलव्ध गराएको भनि १,००,०००। भुक्तानि लिएकोमा संम्लग्न फाँटवारीमा अनुदान वितरणको प्रमाण कागजात संम्लग्न नभएको हुदा कृषकको योगदान सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु. | १०००००/- |
| ७३. | प्रजनन् प्रयोजनका लागि खरिद गरिएका पशुहरु खरिद गर्नुपूर्व जिल्ला पशु सेवा कार्यालयले तोकिदिएको श्रोतकेन्द्रवाट खरिद गर्नुपर्दछ । साथै त्यस्ता चौपाया खरिद गर्नुअघि चौपायाहरुको स्वास्थ्य परीक्षण गरि निरोगीता प्रमाणित भएको पाइएमा मात्र त्यस्ता पशु खरिद गरि वितरण गर्नुपर्दछ । कार्यालयले वोका १० वटा तथा वाखा ६० वटा शंखी कृषी तथा पशुपालन फर्मवाट रु ६९४०००। मा खरिद गरेको देखियो ।उक्त चौपायाको लागि जिल्ला पशुसेवा कार्यालयवाट निरोगिताको प्रमाणपत्र समेत नपाएको हुदा खरिद गरिएका चौपाया प्रजनन योग्य एवंम स्वास्थ्य थिए भन्न सक्ने अवस्था भएन ।यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ । | |
| ७४. | कार्यालयले कृषकहरुलाई अनुदान दिन खरिद गर्ने विभिन्न प्रकारका विउ विजन एवं मिनि किटहरु कृषि ज्ञान केन्द्रले तोकेको स्रोतकेन्द्रवाट खरिद गर्नूपर्ने व्यवस्था छ । गाउपालिकाले खरिद गरेको निम्नानुसारका विउ विजनहरु खरिद गर्दा सो नियमको पालना गाउी खरिद गरेकोले खरिद गरिएका सवै विउ विजनहरु गुणस्तरिय भए नभएको एकिन गर्न सकिएन । | |

| भौ न र मिति | विउ विजनको नाम | विउ विजनको परिमाण केजी | भुक्तानि भएको रकम | खरिद गरिएको संस्था |
|---|---|---|---|---|
| १८,३१/२०७५/७/१६ | गहुँ | १०००० | ११९००६०/ | हिमालयन एग्रो लाइभस्टक |
| २२३,०७५/१२/२८ | मकै,भटमास,धान | ५४१५ | ६०००००/ | नेपाल एग्रो एण्ड सप्लायर्स |
| १७/०७५/७/१६ | मुसुरो ,सिमल | ७१५ | १५०१५०/ | कलासैनी एग्रो भेट सेन्टर |
| ३२/०७५/८/३ | गहुँ | ४८०० | ४४९९२०/ | एग्रोसैनी एग्रोभेट सेन्टर एण्ड सप्लायर्स |
| १५।०७५।७।१६ | रायो,मूला, प्याज,धनिया,मेथी सहितको संयुक्त प्याकेट | ३००० | ४५००००/ | साजन एग्रोभेट सेन्टर डोटी |
| | | | २८४०१३०/ | |

**कार्यालयको नामः सायल गाउँपालिका,डोटी ।** **आ.व.२०७५।७६**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७५. | ५८।०७५।९।३ विनायक भेट डिस्ट्रीव्युटर्स को २३००००। को विल भुक्तानी गर्नुपर्नेमा कार्यालयले रु २३८०००। भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको असुल हुनुपर्ने देखिएको रु | ८०००/- |
| ७६. | १६५।०७५।११।२९ कृष्णराज जोशीको पेश्कि रु २०८२३१। फछ्यौट हुदा विल भरपाइ भन्दा वढी रकम रु ३६६८६। भुक्तानी भएको देखिएकोले सो रकम असुल हुनुपर्ने देखिएको रु | ३६६८६/- |
| ७७. | **घरभाडा :** कुनै सरकारी कार्यालय भाडामा लिनुपर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(४) अनुसार घर भाडा निर्धारण समितिको निर्णय अनुसार भाडा निर्धारण गरेपछिमात्र सम्झौता गरी भाडा खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाका विभिन्न वडाहरुको घरभाडा २०७५ श्रावण महिनादेखि २०७६ असार मसान्तसम्मको रु.५,४३,६००।०० घरभाडा भुक्तानी दिएकोमा घर भाडा निर्धारण समितिको निर्णय विना नै प्रतिष्पर्धा वेगर खर्च लेखेको हुदा कानूनको पालना भएको देखिएन । | |
| | **शिक्षा तर्फ** | |
| ७८. | ३५८।०७६।३।२० भवानी आधारभुत विद्यालय माध्यमिक विद्यालयमा घेरावार निर्माण कार्य गरे वापत सम्झौता अनुसार कार्यालयको अशं रु.२८८०००। भुक्तानी दिएको छ । उपभोक्ता समितिले पेश गरेको फाँटवारीमा संलग्न ठेक्का विलमा ७० वटा Angle pole रहेको छ । दर विश्लेषण अनुसार १.५ मीटरमा ७० वटा पोलबाट १०५ मीटर लम्वाई हुने देखिन्छ । एकमीटर हाइटको उक्त ग्यावियन जाली नर्म्स अनुसार १०५ स्वायर मीटरको प्रति स्वायरमीटर ३ के.जि.ले हुने ३१५ के.जी. ग्यावियन तार हुन आउछ तर ठेक्का विलमा ६०५ केजी तार नापीमा उठाएको देखियो । यसबाट २९० केजी बढी ग्यावियन तारको प्रति केजी १३५.०२ को दरले हुने रु.३९१५५।८० उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकममा उपभोक्ता को अशं अनुपातिक कट्टी गरी सम्बन्धित उपभोक्ता समितिसँग असुल गर्नु पर्ने रु. | ३९१५५/८० |
| ७९. | **सशर्त कार्यक्रमको निर्देशिकाको पालना :** २५९/२०७६।३।१०, उत्कृष्ट सिकाई भएका विद्यालयलाई सिकाई सुदृढीकरणका लागि प्रोत्साहनअनुदान स्थानीय तह भित्रका उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यालयलाई एकमुष्ठ रु २ लाख निकासा गरिनुपर्नेमा (क्रियाकलाप नं २.१५.११.७८६) सो विपरित छपाली मा.बि, भवानीस्थान मा.बि, कालिका मा.बि र कालिका आ.बि गरी चार विद्यालयलाई रु ५०,०००.०० का दरले रकम निकासा गरेको छ । उत्कृष्ट विद्यालय छनौटको आधारमा रही अनुदान रकम निकासा दिने परिपाटी सुनिश्चित गरिनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८०. | **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यान, बिल भर्पाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितीको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ र तत्पश्चात्त सम्बन्धित निकायले नियम ९७(११) बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रकम भुक्तानी गर्नुपर्दछ । सरसफाई सहितको शौचालय निर्माण कार्यक्रम अन्तर्गत कार्यालयले देहाय बामोजिमका विद्यालयहरुको भुक्तानीमा, M.S Bar Works बापत निम्न परिमाणको कार्य गरेको कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गरेकोमा, कार्य पुष्ट्याँई हुने रकम बराबरको बिल/बिजक पेश नभएकोले शौचालय निर्माण भए नभएको सुनिश्चितता देखिएन । | |

| भौ.नं/मिती | विद्यालय | कार्यसम्पन्न परिमाण | दर | कार्यसम्पन्न रकम | खरिद परिमाण | बढी भुक्तान रकम |
|---|---|---|---|---|---|---|
| १४९/२०७६/३/२३ | कालिका आ.बि. | ६२० kg | १२४.११ | ७६९४९.९ | ४३१.४kg | २३४०७.१ |
| १५०/२०७६/३/२३ | देयखला आ.बि | ६२० kg | १२४.११ | ७६९४९.९ | ५० kg | ७०७४२.७ |
| | | | | | जम्मा | ९४,१४९.८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८१. | **जिन्सी दाखिला :** भौ.नं १४।२०७६।३।९, Student ID, ICT तथा SIP सम्बन्धि तालिम संचालन बापत स्रोत व्यक्ति चक्र बहादुर चन्दले रु.१९८०५०.०० भुक्तानी लिई तालिम संचालन गरेका छन् । उक्त तालिम संचालनकालागि विभिन्न सप्लायर्स एवम् फर्मबाट विभिन्न मितिमा कुल ६१ वटा पेनड्राइभ रु.८०० का दरले कुल रु.४८८००.०० को खरिद गरेकोमा सोको जिन्सी दाखिला पेश नभएको साथै उक्त पेनड्राइभ वितरणको भर्पाई समेत पेश नभएकोले, पेनड्राईभ वितरणको प्रमाण पेश गर्नुपर्ने अन्यथा निजबाट असुल गर्नुपर्ने रु | ४८,८००.० |
| ८२. | **प्राविधिक प्रतिवेदन :** संघिय सरकारबाट हस्तान्तरित कार्यक्रमको कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७५ को क्रियाकलाप नं २.१५.११.७९७ अनुसार सरसफाई सहितको शैचालय निर्माण गर्दा ड्रइ्ग डिजाइन शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत भएअनुसार हुनुपर्ने व्यहोरा उल्लेख छ । कार्यालयले कालिका आ.बि र देउखला आ.बिको शौचालय निर्माणको लागत अनुमान रु ८१२१५१.७ तयार गरेको र सोको प्रमाणित कार्यसम्पन्न प्रतिवेदन अनुसार कार्यसम्पन्न रकम रु ८०६२१७.६ रहेको छ । ड्रइ्ग डिजाइन एकै भएतापनि भौगोलिक अवस्थिती, दुरी र ढुवानीले लागत अनुमान र कार्यसम्पन्न रकम फरक विद्यालयहरुको एकै हुनेमा | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आश्वस्त हुन सकिँदैन । तसर्थ वास्तविक कार्यपरिणाम अनुसारको लागत अनुमान गर्नुपर्ने र स्थलगत नाँपजाँचका आधारमा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेतर्फ प्राविधिकलाई जिम्मेवार बनाईनुपर्छ ।</td><td></td></tr>
<tr><td>८३.</td><td>३९।०७६।२।७ गाउँपालिकाको बार्षिक कार्यक्रम अनुसार पोषण परामर्श केन्द्रका सहभागीहरुलाई ड्युयल पर्पज ८ हप्ते चल्ला वितरण गर्ने कार्यक्रममा ना.प्रा.स.दिर्घ बहादुर खातीले पेश्की फछ्यौट गरेकोमा कुखुरा विकास फार्म खजुरा बाँकेबाट पत्र.सं.०७५।७६ च.नं.२७७, ०२७६।१।११ को पत्रबाट न्यू ह्याम्पसायर रातो र अष्ट्रोलोर्प कालो जातका ४ हप्ते चल्ला चलान गरेकोमा चल्ला ब्रुडर पोल्टी फार्म,खजुराखुर्द,बाँके को विल नं.११३ बाट ९०० वटा रु.१२५। को दरले रु.११२५००। मा खरिद गरेको देखियो । यसरी कार्यक्रम भन्दा बाहिर गएर ८ हप्ते चल्ला वितरण गर्नुपर्नेमा ४ हप्ते चल्ला वितरण गरेकोले कार्यक्रमले तोकेको नियम विपरित कार्य गरेले नियम सम्मत नदेखिएको रु.</td><td>११२५००/-</td></tr>
<tr><td>८४.</td><td>अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१५ अनुसार गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, जस्ता समारोह उद्घघाटन, समापन मा सहभागीहरुलाई प्रतिदिन प्रति व्यक्ति पाउने पारिश्रमिक तथा अन्य सुविधा उल्लेख छ । सो अनुसार तालिममा सहभागीहरुलाई सो मापदण्ड भन्दा बढीमा खर्च गरी तालिम सञ्चालन गर्नु परेमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाद्धारा सञ्चालित अपाङ्गता भएका व्यक्तिहरुकालागि ३ दिने अभिमुखिकरण तालिम सञ्चालन गरेकोमा निम्नानुसार निर्देशिकाले तोकेको दरभन्दा बढी दरले खर्च लेखेको कार्यक्रम सञ्चालकबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>कार्यक्रम</th><th>पारिश्रमिक भुक्तानी भएको विषय</th><th>प्रस्तोता</th><th>तोकेको दर</th><th>भुक्तानी</th><th>बढी दर</th><th>बढी भुक्तानी रु</th></tr>
<tr><td rowspan="8">३३९/०७६/३/२३</td><td rowspan="8">अपाङ्गता भएका व्यक्तिहरुकालागि ३ दिने अभिमुखिकरण तालिम</td><td>सहजिकरण ८ सेसन</td><td>जीवन कु.भट्ट</td><td>१०००</td><td>३०००</td><td>२०००</td><td>१६०००</td></tr>
<tr><td>सहजिकरण ४ सेसन</td><td>रोशन वोगटी</td><td>१०००</td><td>१६००</td><td>६००</td><td>२४००</td></tr>
<tr><td rowspan="2">प्रतिवेदन तथा व्यवस्थापन</td><td>भीम ब.डुम्रेल</td><td>१०००</td><td>६०००</td><td>५०००</td><td>५०००</td></tr>
<tr><td>राम ब.किम्तोला</td><td>१०००</td><td>४०००</td><td>३०००</td><td>३०००</td></tr>
<tr><td rowspan="4">सेसन तयारी</td><td>जीवन कु.भट्ट</td><td>१०००</td><td>३०००</td><td>२०००</td><td>२०००</td></tr>
<tr><td>रोशन वोगटी</td><td>१०००</td><td>३०००</td><td>२०००</td><td>२०००</td></tr>
<tr><td>भीम ब.डुम्रेल</td><td>१०००</td><td>३०००</td><td>२०००</td><td>३०००</td></tr>
<tr><td>राम ब.किम्तोला</td><td>१०००</td><td>३०००</td><td>२०००</td><td>३०००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>३६४००/-</td></tr>
</table>
</td><td>३६४००/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८५. | ३५५।०७६।३।२४ वडा नं. २ कार्यालयका वडा अध्यक्ष भिम बहादुर बोहरा र गाडि चालक पप्पु चौधरी वीच मिति २०७६।१।१० मा भएको सम्झौता अनुसार पहिलो पक्षले दोस्रो पक्षलाई गाडि प्रयोग गरे वापत रु.१००००। भुक्तानी दिने सहमति भएकोमा रु.२००००। भुक्तानी गरेको देखियो । यसरी सम्झौता भन्दा बढी रकम रु.२००००। भुक्तानी गरेकोले सो रकम सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नु पर्ने रु. | १००००/- |
| ८६. | ३४८।०७६।३।२३ भुमिहिन र मुक्त हलियाहरुको तथ्याङ्क संकलन तथा सशक्तिकरणको लागि उपेक्षित समुदाय सशक्तिकरण तथा विकास मञ्च डोटी सँग सम्झौता गरी कार्य सञ्चालन गरेकोमा संलग्न फाँटवारी परीक्षण गर्दा विभिन्न बैठक तथा प्रशिक्षण,रिपोर्ट लेखन तथा ल्यापटप खरिद गरेर रु.४५५९२०। खर्च लेखेको देखियो । यसरी कार्यक्रम सञ्चालनको लागि लिएको भुक्तानी आफ्नो व्यक्तिगत प्रयोजनको लागी रु.६००००। मा ल्यापटप खरिद गरेर प्रयोग गरेको देखियो । सो ल्यापटप गाउँपालिकालाई फिर्ता गर्नुपर्ने अन्यथा सो बरावरको मूल्य असुल गर्नुपर्ने रु. | ६००००/- |
| ८७. | ३५४।०७६।३।२८ भुमिहिन र मुक्त हलियाहरुको तथ्याङ्क संकलन तथा सशक्तिकरणको लागि उपेक्षित समुदाय सशक्तिकरण तथा विकास मञ्च डोटी सँग सम्झौता गरी कार्य गराएकोमा पुनः हलिया सर्भेक्षणको कार्य गरेको भनी वडा अध्यक्ष गोरख बहादुर सार्कीलाई प्रतिवेदन तयार गरे वापत रु.१५०००। र ६ जना तथ्याङ्क संकलकलाई जनही रु.१००००। का दरले रु.६००००। समेत रु.७५०००। मा कर रु.११२५०। कट्टा गरी रु.६३७५०। भुक्तानी गरेको देखियो । यसरी एउटै कार्यको लागि दोहोरो खर्च गर्नु उपयुक्त नदेखिएकोले सो रकम असुल उपर गर्नुपर्ने रु. | ६३७५०/- |
| | **सामाजिक सुरक्षा कार्यक्रमको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ८८. | **अभिलेख अद्यावधिक तथा बढी भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यवस्था छ । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>८८.१.</td><td>गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.३,४७,८५,०००। नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले ब्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८८.२.</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ ।</td><td></td></tr>
<tr><td>८८.३.</td><td>गाउँपालिकाको निकासाको आधारमा पहिलो र पाँचौ स्थानको वडाहरुको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा निम्न वडाको सामाजिक सुरक्षा भत्ता दोहोरो वितरण गरेको देखिएकाले उक्त दोहोरो परेको भत्ता रु.७७६००। सम्बन्धित वडा सचिबलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने तथा अन्य वडाहरुको सम्बन्धमा कार्यालयले छानविन गर्नुपर्दछ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता बैंक मार्फत भुक्तानी गर्नु पर्दछ रु.<br>
<table>
<tr><th>वडा नं.</th><th>नाम</th><th>लक्षित समूह</th><th>दर</th><th>रकम</th><th>चौमासिक</th><th>कैफियत</th></tr>
<tr><td rowspan="4">१</td><td>भानी पुजारा</td><td>विधवा</td><td>१०००</td><td>४०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>भुन्टी देवि देउवा</td><td>विधवा</td><td>१०००</td><td>४०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>ममता नेपाली</td><td>बा.द</td><td>४००</td><td>३२००</td><td>प्रथम र दोस्रो</td><td></td></tr>
<tr><td>सुजन भुल</td><td>बा.द</td><td>४००</td><td>३२००</td><td>प्रथम र दोस्रो</td><td></td></tr>
<tr><td rowspan="4">६</td><td>गौरी देवी ढोली</td><td>जे.द</td><td>१०००</td><td>४०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>नरी ढोली</td><td>जे.द</td><td>१०००</td><td>४०००</td><td>प्रथम</td><td></td></tr>
<tr><td>गंगा देवी रोकाया</td><td>विधवा</td><td>१०००</td><td>८०००</td><td>प्रथम र दोस्रो</td><td></td></tr>
<tr><td>धौली देवी साउद</td><td>विधवा</td><td>१०००</td><td>८०००</td><td>प्रथम र दोस्रो</td><td></td></tr>
</table></td><td>७७६००/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नरु देवी साउद | विधवा | १००० | ८००० | प्रथम र दोस्रो | |
| | धर्मा देवी कुमाल | विधवा | १००० | ४००० | दोस्रो | |
| | खिना ढोली | बा.द | ४०० | १६०० | प्रथम | |
| ४ | लछुली देवी सिंह | विधवा | २००० | २४००० | तीन वटै चौमासिक | विधवा र जेष्ठ नागरिकबाट दोहोरो भरपाई भएको |
| | चन्द्रिका गाउँी | बा. | ४०० | १६०० | | |
| | | | जम्मा | ७७६००/- | | |

</td><td></td></tr>
<tr><td>८८.४.</td><td>वडा नं.१ को सामाजिक सुरक्षा भत्ता वितरणको क्रममा प्रथम चौमासिकमा १७२ जना विधवाको भत्ता वितरणको भरपाई रहेकोमा खर्चको तेरिजमा १७७ जना बनाई ५ जनाको रु.४०००। को दरले रु.२००००। बढी भुक्तानी लगेको देखियो । सो बढी भुक्तानी सम्बन्धित वडा सचिवबाट असुल गर्नु पर्ने रु.</td><td>२००००/-</td></tr>
<tr><td>८८.५.</td><td>वडा नं.१ को दोस्रो चौमासिक भत्ता वितरण भरपाई परीक्षण गर्दा पहिलो चौमासिकमा लगत कट्टा गर्नुपर्ने भनी भरपाईमा उल्लेख गरेकोमा दोस्रो चौमासिकमा पनि निम्नानुसार लाभग्राहीको लगत कट्टा गाउँी विवतरण गरेको देखियो । यसरी नपाउने भत्ता विवरतण गरेको सम्बन्धित वडा सचिवबाट असुल गर्नु पर्ने रु.

| लक्षित समुह | नाम थर | रकम | कैफियत |
|---|---|---|---|
| विधवा | लक्ष्मी देवी लुहार | ४००० | |
| विधवा,जे.ना | देवा थापा | १६००० | दोस्रो र तेस्रो चौमासिक भुक्तानी |
| विधवा | देवा पुजारा | ८००० | |
| जे.अ | लालमती खड्का | ८००० | |
| | जम्मा | ३६०००/- | |

</td><td>३६०००/-</td></tr>
<tr><td>८८.६.</td><td>वड नं.६ को दोस्रो चौमासिक भत्ता वितरण भरपाई परीक्षण गर्दा प्रथम चौमासिकका जेष्ठ नागरीक मोती साउदको लगत कट्टा गर्नुपर्ने भनी भरपाईमा जनाएकोमा दोस्रो चौमासिकमा पनि रु.८०००। भुक्तानी भएको देखियो । यसरी नपाउने भत्ता सम्बन्धित वडा सचिवबाट असुल गर्नुपर्ने रु..</td><td>८०००/-</td></tr>
<tr><td></td><td>आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।** | |
| ८९. | ३१।०७६।३।२२ लगनशील महिला बचत तथा ऋण सहकारी सस्था ले सुधारीयको चुल्हो खरिद वापत दुर्गा इन्जिनियरिङ्ग बक्सलाई रकम भुक्तानी गर्दा कोटेशन मार्फत गर्नुपर्नेमा सो नभई सोझै खरिद गरेको अनियमति देखिएको रु. | १८७४९९/९९ |
| ९०. | १५।०७५।९।२७ ना.सु छत्रराज जोशीको  वडा नं. ५ को सामाजिक सुरक्षा भत्ता वितरणको लागि लिएको पेश्की रकम फछ्र्यौट गर्दा वितरण भरपाई भन्दा बढी खर्च लेखेको रु. | ३९२००/- |
| ९१. | ३४।०७६।१।१५ ना.सु छत्रराज जोशीको सामाजिक सुरक्षा भत्ता वितरणको लागि लिएको पेश्की रकम फछ्र्यौट गर्दा वितरण भरपाई भन्दा बढी खर्च लेखेको रु. | ८०००/- |
| ९२. | ४२।०७६।२।८  पोषण स्वय सेवक मिन बहादुर सिंहको बहुक्षेत्रिय पोषण कार्यक्रमको लागि लिएको पेश्की फछ्र्यौट गर्दा विल भरपाई अपुग भएकोले निजबाट असुल गर्नुपर्ने रु. | १७२०/- |
| ९३. | ५२।०७६।३।१२ पोषण स्वय सेवक मिन बहादुर सिंहको बहुक्षेत्रिय पोषण कार्यक्रमको लागि लिएको पेश्की फछ्र्यौट गर्दा विल भरपाई अपुग भएकोले निजबाट असुल गर्नुपर्ने रु. | ७२०/- |

## सायल गाउँपालिकाको सञ्चित कोष विवरण

अनुसूची १

## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | सायल गाउँपालिका | डोटी | ३३०८८ | ७७९०५ | ११४८९९ | १०१६८७ | २९४४९१ | १६७९०३ | १२१७९४ | २३५७६ | ३१३२७३ | १४३०६ |

**अनुसूची-२**

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

## २०७५।७६

**(रु.हजारमा)**

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | सायल गाउँपालिका | ५७ | ४२ | १३९५७ | ० | ० | ० | ५७ | ४२ | १३९५७ | १७२६ | २३१८ | ८२०७ | ० | ० | १०५२५ | ० | १७०६ | १७०६ |

**अनुसूची-३**

## अद्यावधिक वेरुजू स्थिति

## २०७५।७६

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | सायल गाउँपालिका | डोटी | १२०७४ | १०३१७ | १७५७ | ५२८० | १३९५७ | २०९९४ |